
# मार्गनिर्देश : पैतालाको जाँच (फुट स्क्रिन)


TAP

**प्रत्येक खुट्टाको माथि,तल, र प्रत्येक औंलाको बीचमा राम्रो सँग नियाल्नुहोस्**

| | | |
|---|---|---|
| **देख्न र अनुभब गर्न सक्ने उच्च जोखिम संकेत** | | • कुनै औंला, पैताला वा खुट्टामा घाऊ वा चोटहरू<br>• ब्यक्तिको पैतलना, वा खुट्टाको भागको विच्छेदन<br>• पहिले औंला, पैताला वा खुट्टामा घाऊ भएको (अहिले निको भइसकेको) चिन्ह<br>• पैताला रातो देखिने, छुँदा तातो छ वा सुन्निएको |
| **तपाईले देख्न सक्ने जोखिमका संकेत** | छाला वा नङ्गको समस्या | • क्यालस (बाक्लो छाला भएको भाग)<br>• सुख्खा र चर्केको छाला<br>• छालाको फोका (पानी फोका जसले छालाको भाग उठेको हुन्छ)<br>• लामो, बाक्लो वा विकृत आकारको नङ्ग |
| | विकृत आकारको पैताला वा नङ्ग | <br>• खुम्चिएको औंलाहरु<br><br>• बनियन (ठूलो औंलाको जर्नी सुन्निएको) |


## रक्त प्रवाहको जाँच गर्नुहोस्

रगतको प्रवाह कम भएका व्यक्तिको पैतालामा घाऊको जोखिम बढी हुन्छ। पैतालाको घाऊ निको हुन धेरै समय लाग्ने सम्भावना पनि बढि हुन्छ।



| | | | |
|---|---|---|---|
| **देख्न र अनुभब गर्न सक्ने उच्च जोखिमका संकेत** | • घुँडा वा पैताला सुन्निने,<br>• पैताला वा औंलाहरू रौं नभएको,<br>• चिसो वा पहेँलो पैताला | | |
| **ब्यक्तिले भन्न सक्ने जोखिमका सँकेतहरु** | • रातमा खुट्टाको पछाडी दुख्ने, र / वा जब एक व्यक्ति छोटो दूरी हिंड्छन् (उदाहरणको लागि २०० मिटर भन्दा कम) | | |
| **तपाईंले जाँच गर्न सक्ने जोखिमका संकेत** | **धड्कन (पल्स्) परीक्षण : धड्कन (पल्स) नहुनु** = जोखिम | <br> | **धड्कन (पल्स) परीक्षण कसरि गर्ने:**<br>• दोश्रो र मध्य औंलाको प्रयोग गर्नुहोस् (बुढी औंला प्रयोग नगार्नुहोस्).<br>• पैताला माथिको पल्स्: पैतालाको बीच तिर सार्नुहोस् (चित्र हेर्नुहोस्)<br>• गोलिगाँठोको पल्स्: बुढी औंलाबाट शुरु गरेर गोलिगाँठो को भित्रि भागमा सार्नुहोस् (चित्र हेर्नुहोस्)<br>• यदि तपाईले पल्स् ,महसुस गर्नसक्नु भएन भने, अरु भागहरुमा औंलाहरु सार्नुहोस्। हरेक ब्यक्तिको पल्स् एकै ठाँउमा हुन्दैन । |
| | **पुनः भरण परीक्षण**:ढिलो पुनः भरण (३ से. भन्दा भढी) = जोखिम |  | **पुनः भरण परीक्षण कसरि गर्ने:**<br>• बुढी औंलाको छेऊमा जोडले थिच्नुस् ।<br>• औंलालाई सामान्य रङ्ग मा फर्कन कति सेकेन्ड लाग्छ भनेर गणना गर्नुहोस् ।<br>• ३ सेकेन्डभन्दा बढी समय लाग्छ भने, यो कमजोर पुनः भरण को संकेत हो । |

## श्पर्स(सेन्सेशन)को जाँच गर्नुहोस्

अनुभूतिमा समस्या हुनाले पैतालामा घाऊ हुने जोखिम बढ्दछ

| | | |
|---|---|---|
| **ब्यक्तिले भन्न सक्ने जोखिमका सँकेतहरु** | • असामान्य अनुभूति वा दुखाई महसुसः<br>• पिन र सुई को अनुभूतिहरू • झनझनाउनु<br>• छुरा प्रहार वा तीव्र दुखाइको अनुभूति • जलन को अनुभूति (सेन्सेशन) | |
| **श्पर्स(सेन्सेशन) जाँच:** दुई वा दुई भन्दा बढी औंलाहरुमा अनुभूति नहुनु = जोखिम | <br> | **श्पर्स (सेन्सेशन)को जाँच कसरि गर्ने?**<br>• तपाईं के गर्दै हुनुहुन्छ बयान गर्नुहोस् ।<br>• ब्यक्तिले आँखा बन्द गरेको यकिन गर्नुहोस् ।<br>• औंला १,३, र ५ एकपटक हल्का छुनुहोस् र हरेक पटक पछि अर्को पैतालामा छुनुहोस्<br>• आफ्नो चोर औंला वा भए मोनोफिलामेन्ट को प्रयोग गर्नुहोस् ।<br>• प्रत्येक औंला छुँदा केही सेकेन्ड पर्खनुहोस् ।<br>• रेकर्ड: महसुस् हुने औंला मा (√) नहुने औंलामा (X) चिन्ह लगाउनुहोस् ।<br>• परिणाम: यदि कुनै व्यक्तिले दुई वा दुईभन्दा बढी औंलाहरुमा स्पर्श महसुस गरेनन् भने, उनीहरुमा अनुभूतिको समस्या हुनसक्छ । |

| पैतालामा हुने घाऊको जोखिम वारे सँक्षेपमा हेर्नुहोस् | | | |
|---|---|---|---|
| सहि(√) चिन्हको सँख्याको आधारमा गतिशील जाँच फारामको तालिका पूरा गर्नुहोस् । यसबाट ब्यक्तिलाई पैतालामा घाऊ हुनसक्ने जोखिम न्यून, मध्ययम, वा उच्च कस्तो छ र यसको लागि के गर्ने भनेर बुझाउँदछ । | | | |
| जोखिममा सहि(√) चिन्ह लागाएको सँख्या | | पैतालामा घाऊ हुनसक्ने जोखिमको स्तर | **कार्य: थप जानकारिको लागि अर्को खण्ड हेर्नुहोस्** |
| जोखिम | उच्च जोखिम | | |
| ० वा १ | ० | निम्न | → उपयुक्त जुत्ता वारे सिकाउनुहोस् ।<br>→ पैतालाको हेरचाह कसरि गर्ने सिकाउनुहोस् । |
| २ | ० | मध्ययम | ☞ उपचारात्मक जुत्ताको लागि जाँच गर्नुहोस् र/वा स्वास्थ्य सेवा केन्द्र वा फुट वुन्ड क्लिनिक मा प्रेषण गर्नुहोस् |
| ३+ | १ | उच्च | |

| **कार्य** | | |
|---|---|---|
| **पैतालाको हेरचाह कसरि गर्ने सिकाउनुहोस्** | हरेक ब्यक्तिलाई सिकाउनुपर्ने प्रमुख कुरा<br>√ प्रत्येक दिन पैतालामा रातो, छाला को क्षति, काटिएको वा सूजनभए नभएको जाँच गर्नुहोस्। सम्झनुहोस्<br>• प्रत्येक पैतालाको सबै ठाउँ हेर्नुहोस् (माथि, तल र औंलाहरूको बीचमा)<br>• आवश्यक परेको खण्डमा सहायता लिने वा ऐनाको प्रयोग गर्नुहोस् ।<br>• यदि कुनै समस्या भएमा सिधा स्वास्थ्यकर्मीलाई भेट्नुहोस्<br>√ पैतालाको साथै औंलाका बीच भागहरु हरेक दिन धुने र सुख्खा गर्ने गर्नुहोस्।<br>√ खाली खुट्टा नहिँड्नुहोस् र उपयुक्त जुत्ता लगाउनुहोस् वा ( उपचारात्मक जुत्ता वा अफलोडिंग उपकरण)<br>√ धुम्रपान र मध्यपान गर्ने जो कोहिलाई: धुम्रपान र मदिराले पैतालामा हुने घाऊको जोखिम बढाउँछ । धुम्रपान र मदिरा कम गर्ने सल्लाह दिनुहोस्। | |
| **उपयुक्त जुत्ता वारे सिकाउनुहोस्** | <br><br><br> | **बयान** गर्नुहोस्, उपयुक्त जुत्ताले:<br>√ पैतालामा चोट र घाऊ लाग्नबाट सुरक्षा प्रदान गर्न मद्दत गर्छ ।<br>√ लड्न सक्ने जोखिम कम गर्न पनि मद्दत गर्छ ।<br><br>उपयुक्त जुत्ताको प्रमुख विशेषता वारे **वर्णन गर्नुहोस्** :<br>√ कम ऊंचाईको हिल (समतल जूता)<br>√ समायोज्य वा तुनाहरू (स्ट्रप)<br>√ कुर्कुच्चालाई आड हुने (बन्द वा पट्टी भएको)<br>√ खुट्टाको औंलाको भाग चौडा भएको। चुच्चो नभएको।<br>√ नचिप्लिने तलुवा, (जस्तै रबरको )<br>√ केवल औंला पछाडीका भागमा मोडिने<br>√ माथिल्लो भाग हावा छिर्ने र राम्रो सामग्रीले बनेको। उदाहरणको लागि छाला, कपडा वा जाली कपडा<br><br>**ब्यक्तिको जुत्ता जाँच गर्नुहोस्:**<br>• के ति उपयुक्त छन् ?<br>• के ति फिट छन्? ब्यक्तिलाई उठाएर र पछि हिँडाएर जाँच गर्नुहोस्<br>√ औंलाको स्थान (खुट्टाको सबैभन्दा लामो औंलाको टुप्पो र जुत्ताको अगाडिको भागको बीचमा बुढी औंला बराबरको ठाउँ खालि भएको)<br>√ जुत्ता खुट्टको चौडा भागमा राम्रोसँग फिट भएको<br>√ हिलको भाग कुर्कुच्चो वरिपरि राम्ररी फिट भएको र नचिप्लिएको।<br>√ कुनै क्षेत्रमा च्यापेको,घर्षण वा दबावको नरहेको<br>यदि जुत्ता अनुपयुक्त वा फिट नभएको पाउनुभएमा, उपयुक्त जुत्ता कहाँ खरिद गर्ने र ध्यान दिनु पर्ने कुराहरुको सुझाव |
| **उपचारात्मक जुत्ता जाँच** | उपचारात्मक जुत्ता मोड्युल, उपचारात्मक जुत्ताको जाँच,चयन गर्ने र फिट गर्नेको फाराम हेर्नुहोस् । | |